कुशल शतकबाट १ रनले चुके

नेपाल समाचारपत्र, काठमाडौं

पोखरा एभेन्जर्सका कुशल भुर्तेलले नेपाल प्रिमियर लिगको इतिहासमा पहिलो शतक प्रहार गर्न चुकेका छन्।

आइतबार त्रिवि मैदानमा भएको काठमाडौं गोर्खाजविरुद्धको खेलमा उनी १ रनले शतक बनाउन विफल भए। उनी ९९ रनमा आउट भएका हुन्। नेपाल प्रिमियर लिगको इतिहासमा यो नेपाली खेलाडीले बनाएको उच्चतम स्कोरसमेत हो।

पछिल्ला खेलमा सन्तोषजनक ब्याटिङ गर्न नसकेका कुशलले यस खेलमा निकै आक्रमक ढंगले ब्याटिङ गरे। ५१ बलको सामना गरी ८ चौका र ८ छक्का प्रहार गरेका उनी करण केसीको बलिङमा विकेट पछाडि क्याचआउट भएका थिए।

यस्तै, युवराज सिंह सामराले पनि सानदार ब्याटिङ गरे। पछिल्ला खेलमा समेत जमेका उनले ५५ बलमा ८९ रन बनाए। उनले ८ चौका र ५ छक्का प्रहार गरेका थिए। यसअघि उनले १ सय २ रनको शतकसमेत प्रहार गरेका थिए। जुन जारी लिगको एकमात्र शतक साबित भइरहेको छ।



सामरा जारी लिगमा सर्वाधिक रन बनाउने ब्याटर पनि हुन्। उनले ४ खेलमा १ शतक र २ अर्धशतकसहित २ सय ९४ रन बटुलेका छन्। उनीपछि विराटनगरका लोकेश बम २ सय ४२ रनसहित दोस्रो स्थानमा रहेका छन्।

उच्चतम साझेदारी

सामरा र कुशलले दोस्रो विकेटका लागि १ सय ८६ रनको कीर्तिमानी साझेदारी गरेका छन्। यो लिगको इतिहासमा कुनै पनि विकेटमा बनेको उच्चतम रनको साझेदारी हो। यसअघिको उच्चतम रनको साझेदारीको कीर्तिमान पोखराकै नाममा थियो।

लिगको पहिलो संस्करणमा एन्ड्रेस गौस र दिनेश खरेलले लुम्बिनीविरुद्ध पहिलो विकेटका लागि १ सय ७६ रनको साझेदारी गरेका थिए। यस्तै, तेस्रो ठूलो साझेदारी पनि पोखराकै नाममा छ। यसै सिजनमा कुशल र सामराले कर्णालीविरुद्ध दोस्रो विकेटका लागि १ सय ३६ रनको साझेदारी गरेका हुन्।

उच्चतम स्कोर

पोखराले २ सय २४ स्कोर गर्दै नेपाल प्रिमियर लिगको इतिहासमै उच्चतम स्कोर बनाएको छ। यसले गत सिजनमा विराटनगरले पोखराविरुद्ध निर्धारण गरेको २ सय २० को उच्चतम स्कोरलाई छायामा पाऱ्यो।

पोखरा नेपाल प्रिमियर लिगको इतिहासमा तीनपटक २ सय रन पार गर्ने एकमात्र टोली हो। पोखराले लिगमा राम्रो स्थान हासिल गर्न नसके पनि गत सिजन २ मा कर्णाली याक्सविरुद्ध २ विकेटको क्षतिमा २ सय १ रन बनाएको थियो। यस सिजनमा भने पोखराले दुई पटक २ सय रन पार गऱ्यो। २ सय रन पार गर्ने क्रममा पोखराले कर्णालीविरुद्ध २ सय १७ रन र काठमाडौंविरुद्ध २ सय २४ रन जोडेको हो।

चितवन पराजित

यसअघिको खेलमा प्लेअफमा स्थान बनाइसकेको टोली चितवन राइनोज पराजित भएको छ। अघिल्लो दिन विराटनगर किंग्सको पराजयसँगै प्लेअफमा पुगेको चितवनलाई कर्णाली याक्सले ३४ रनले पराजित गरेको हो।

आइतबार भएको खेलमा कर्णालीले १ सय ५४ रनको विजयी लक्ष्य दिएको थियो। जसको जवाफमा चितवनले १ सय २९ रनमात्रै बनाउन सक्यो। यो हारपछि चितवन ७ अंकसहित चौथो स्थानमा रहने पक्का भएको छ। कर्णाली भने यो खेलअघि नै प्लेअफ होडबाट बाहिरिएको थियो। कर्णालीले ७ खेलमा ६ अंक जोडेको छ।

पाकिस्तान पहिलोपटक साफ फाइनलमा

काठमाडौं, (नेस) । पाकिस्तानी टोली साफ च्याम्पियनसिपको इतिहासमा पहिलोपटक फाइनलमा पुगेको छ। आयोजक टोली बंगलादेशलाई १-० ले हराउँदै पाकिस्तान फाइनलमा पुगेको हो। ढाकास्थित राष्ट्रिय रंगशालामा भएको सेमिफाइनल खेलमा पाकिस्तानलाई जित दिलाउन अब्दुल समादले गोल गरेका थिए। उनले निर्धारित समय सकिन ५ मिनेट बाँकी भएको बेला गरेको गोल नै निर्णायक साबित भएको थियो।

पाकिस्तानले १९९३ देखि सुरु भएको यस पुरुष साफ प्रतियोगितामा सेमिफाइनलमा स्थान बनाए पनि फाइनल तय गर्न सकेको थिएन। पाकिस्तानले यस प्रतियोगितामा दुईपटक तेस्रो स्थान र एकपटक चौथो स्थान हासिल गरेको छ।

प्रतियोगितामा नयाँ टोली विजेता बन्नको लागि भने टोलीले यही नोभेम्बर १७ मा हुने फाइनलमा भारतलाई हराउनु पर्दछ। तर, समूह चरणको खेलमा भारतले पाकिस्तानलाई ३-२ ले हराएको थियो।

उता हारसँगै बंगलादेशको २१ वर्षपछि साफको फाइनल पुग्ने सपना अधुरै बन्यो। बंगलादेशले पछिल्लोपटक सन् २००५ मा फाइनल खेलेको थियो। खेलपछि समर्थकले मैदानमा आगो सल्काउने वस्तु फालेका थिए। यसले रंगशालाको केही भागमा आगलागी भएको थियो।

रोनाल्डोको संन्यासपछिको खेलमा पोर्चुगल पराजित

लन्डन, (एजेन्सी) । क्रिस्टियानो रोनाल्डोले अन्तर्राष्ट्रिय करिअरबाट संन्यास लिएपछिको खेलमा पोर्चुगल पराजित भएको छ। नेसन्स लिग कपअन्तर्गत खेलमा पोर्चुगल आफ्नै घरेलु मैदानमा डेनमार्कसँग ४-१ ले हारेको हो। डेनमार्कलाई जित दिलाउन रासमस होइलन्डले २ गोल गरेका थिए।

४१ वर्षीय रोनाल्डोले गत सातामा सामाजिक सञ्जालमार्फत् अन्तर्राष्ट्रय फुटबलबाट संन्यास लिएको घोषणा गरेका थिए। उनले संन्यास लिएको केही दिनपछि पोर्चुगलका प्रशिक्षक जोर्ज जेससले रोनाल्डोलाई डेनमार्क र वेल्सविरुद्ध टोलीमा राख्ने बताएका थिए।

तर, शनिवार ब्रागामा भएको डेनमार्कविरुद्धको खेल उनको विदाईको रूपमा हेरिए पनि रोनाल्डो भने उपस्थित भएनन्। हरेक खेलाडीले उनलाई सम्मान गर्नका लागि रोनाल्डो र ७ अंक लेखिएको जर्सी लगाएका थिए। समर्थकहरूले रोनाल्डो नाम दर्शाएका थिए। खेलको सातौं मिनेटमा थ्याक यू क्याप्टेन लेखिएको ब्यानर स्कोरबोर्डमा प्रस्तुत गरिएको थियो। तर, डेनमार्कले उनीहरूको खुशीयाली मनाउने क्षणलाई खराब पारिदिएको थियो।

पहिलो हाफ सकिन केही मिनेटअघि मिडफिल्डर पिइरे इमिले होइबेर्गले पेनाल्टीमा गोल गरेर डेनमार्कलाई १-० को अग्रतामा राखेका थिए। पोर्चुगलको बक्समा रुबेन डियासको ह्यान्ड बल भएपछि डेनमार्कलाई पेनाल्टीको अवसर दिइएको थियो। जसमा होइबेर्गले गोल गरे।

दोस्रो हाफमा होइलन्डले आठ मिनेटमा दुई गोल गरेर टोलीको अग्रता ३-० मा पुऱ्याएका थिए। यसपछि डिफेन्डर जोएचिम एन्डरसनले गोल गरेपछि ७५ औं मिनेटसम्ममा पाहुना टोली ४-० को अग्रतामा पुगेको थियो। स्टपेज समयमा बर्नान्डो सिल्भाले एक गोल फर्काएपछि पोर्चुगलका लागि सान्त्वना गोल भएको थियो।

पोर्चुगलले नेसन्स लिगमा सुरुआतको चार खेलमा जित हासिल गरेर पहिले नै क्वार्टरफाइनलमा पुगिसकेको थियो। अब, समूहको अन्तिम खेलमा टोलीले १७ नोभेम्बर मा वेल्ससँग खेल्नेछ।

गत सेप्टेम्बरमा नर्वेविरुद्धको खेलमा बेन्चमा सीमित गराएपछि रोनाल्डोले क्याम्प छाडेर गएका थिए।

संस्थाको नाममा रहेको घडेरी बिक्रिका लागि भद्रावती बचत तथा ऋण सहकारी संस्था लिमिटेडको गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना

प्रकाशित मितिः २०८३/०७/३० गते

यस संस्थाको नाममा रहेको तपशिल बमोजिमको घडेरी बिक्रि गर्नु परेको हुनाले गोप्य शिलबन्दी बोलपत्र मार्फत ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले देहाय अनुसारको शर्तहरुको अधिनमा रही सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र यस सहकारी संस्थाको कार्यालय, का.म.न.पा ३२, कोटेश्वर, काठमाण्डौं स्थित आईपुग्ने गरी बोलपत्र पेश गर्नुहुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

सम्पत्तिको विवरण

जिल्ला/महानगरपालिका	विवरण	वडा नं.	सिट नं	कित्ता नं.	क्षेत्रफल		न्युनतम मूल्य
					रोपनी	बर्गमिटरमा	
काठमाडौं/काठमाडौं	जग्गा	३२	१०२११८८१६	६९	०-५-०-०	१५८.९९	प्रतिआना रु. ६५,००,०००। का दरले एकमुष्ठ रकम रु. ३,२५,००,०००।

शर्तहरु :

१. शर्त बन्देज सहितको बोलपत्र फारम यस संस्थाको कार्यालयबाट रु. १,०००। (अक्षरेपी रु एक हजार मात्र) पछि फिर्ता नहुने गरी खरिद गरि प्राप्त गर्न सकिने छ। साथै आफुले बोलकबुल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ।
२. सम्पुर्ण शर्त बन्देजहरु बोलपत्र फारमको सि.नं. १ देखि १३ सम्म उल्लेख भए अनुसार नै हुनेछ।
३. बोलपत्रदाताले बोलपत्र साथ आफ्नो व्यक्तिगत/संस्थागत विवरण पेश गर्नुपर्ने छ।
४. घडेरी निरिक्षण, अवलोकन गर्न र सो सम्बिन्ध विस्तृत जानकारी लिन आवश्यक लागेमा बोलपत्र पेश गर्नु अगाबै संस्थाको कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ। साथै सोही अवस्था र परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र फारम साथ आफुले कबुल गरेको रकमको १० प्रतिशत हुन आउने रकम संस्थाको नाममा बैंकबाट जारी गरिएको गुड फर पेमेन्ट चेक (GOOD FOR PAYMENT CHEQUE) पेश गर्नुपर्नेछ।
६. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क लगायत कर तथा सम्पूर्ण दस्तुर तथा शुल्क इत्यादी बोलपत्रदाताले नै बोहोर्नु पर्नेछ।
७. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट दिउँसो मिति २०८३।०९।०६ गते दिउँसो ठिक ३:०० बजे बोलपत्र खोलिने हुँदा बोलपत्रदाता तथा सम्बन्धित सबैलाई कार्यालयमा उपस्थित हुनको लागी समेत जानकारी गराईन्छ। यदि बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित रहेमा बोलपत्र खोल्न बाधा पुग्ने छैन।
८. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोलकबोल गरेको सम्पुर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ। सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ।
९. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा, बिदा पश्चात कार्यालय खुलेको दिन सोहि समयमा नै बोलपत्र खोलिनेछ।
१०. बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म धरौटी रकम फिर्ता दिईने छैन। अस्वीकृत रकमको ब्याज दिईने छैन।
११. कुनै शर्त राखी पेश गरिएको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
१२. संस्थाले चाहेको खण्डमा लिलाम बिक्रि मिति थपघट गर्न सक्नेछ।
१३. बोलपत्र स्विकार गर्ने वा नगर्ने सम्बन्धि सम्पुर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ।
१४. थप विवरणको लागि संस्थाको कार्यालय का.म.न.पा ३२, कोटेश्वर, काठमाण्डौंमा सम्पर्क गर्नु हुन अनुरोध छ।

भद्रावती बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा ३२, कोटेश्वर, काठमाण्डौं

सम्पर्क नं. ०१४१५४८८२

रिज लाइन इनर्जी लिमिटेड

Ridge Line Energy Ltd.

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १, कुपण्डोल, फोन : ०१-५९००११४

ईमेल: info@ridgeline.com.np, वेभसाईट: www.ridgeline.com.np

शेयरधनीहरूलाई नगद लाभांश वितरण सम्बन्धी सूचना

रिज लाइन इनर्जी लिमिटेडको मिति २०८३/०७/१७ गते सम्पन्न ५ औं वार्षिक साधारण सभाबाट आ.व. २०८२/८३ को लागि पारित १०.५३ प्रतिशत नगद लाभांश (कर समेत) बाट १०.०० प्रतिशतका दरले नगद लाभांश सम्बन्धित शेयरधनीहरुको बैंक खातामा मिति २०८३/०७/२० गते देखि आईपिएस (IPS) मार्फत जम्मा गरिरहेको जानकारी गराईन्छ। हालसम्म पनि हितग्राही खाता नखोलेको वा हितग्राही खातामा आफ्नो बैंक खाता नम्बर अद्यावधिक नगरेको भएमा यथाशीघ्र आफ्नो बैंक खाता तथा PAN नं अद्यावधिक गर्न अनुरोध गरिन्छ। सो हितग्राही खातामा बैंक खाता नम्बर निज शेयरधनी स्वयंमकै नामको हुनुपर्ने तथा सो खाता नेपाल क्लियरिङ्ग हाउस लिमिटेड अन्तर्गत IPS सदस्यता प्राप्त बैंक वा वित्तीय संस्थाको हुनुपर्नेछ। साथै, बैंक खातामा निजको नगद लाभांश जम्मा गर्दा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको नियमानुसार कुनै शुल्क लाग्ने भएमा सो शुल्क शेयरधनीहरुले नै व्यहोर्नु पर्ने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ।

साथै, उक्त शेयर मिति **२०८३/०६/२२** गते सम्म धितोबन्धक राखी कर्जा लिएको शेयरधनीहरुको हकमा सम्बन्धित बैंक/वित्तिय संस्थाबाट **No objection letter/ Loan Settlement Letter** प्राप्त भए पश्चात् मात्र बैंक खातामा जम्मा गरिने व्यहोरा समेत यसै सूचना मार्फत सूचित गर्दछौं। विभिन्न कारणवश आफ्ना नगद लाभांश प्राप्त नगर्नु भएका शेयरधनीहरुको विवरण यस कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेडको वेबसाइट www.prabhucapital.com मा राखिएको व्यहोरा जानकारी गराउँदै आ-आफ्नो निक्षेप सदस्यमा सम्पर्क गरी विवरण सच्याउनु हुन समेत अनुरोध गरिन्छ।

पुनश्चः लाभांश जम्मा भए पश्चात् सेयरधनीहरुको बैंक स्टेटमेण्टमा RIDGE 10.53 CASH DIV 82.83 उल्लेख गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

शेयर रजिष्ट्रार

प्रभु क्यापिटल लिमिटेड

prabhu CAPITAL (A Subsidiary of Prabhu Bank Limited)

कमलादी, काठमाडौं, नेपाल, फोन नं.: ०१-४१६५१००, ५५७०२००

Email : info@prabhucapital.com, Web: www.prabhucapital.com

Star Micro Insurance Company Limited

Bhanu Chowk, Janakpur, Dhanusha

Phone No: 041-591453, Email: info@starmicroinsure.com

Quarterly Financial Results for First Quarter, F.Y. 2083/84 BS

CONDENSED STATEMENT OF FINANCIAL POSITION As on 16th July, 2027 (Ashad End 2084)

Fig in NPR

Particulars	Unaudited at the end of this Quarter	Unaudited at the end of Immediate Previous Year
Assets		
Goodwill & Intangible Assets	1,328,762	1,466,301
Property and Equipment	24,076,819	25,619,494
Investment Properties	-	-
Deferred Tax Assets	7,240,664	13,485,773
Investment in Subsidiaries	-	-
Investment in Associates	-	-
Investments	694,500,000	672,000,000
Loans	-	-
Reinsurance Assets	197,742,235	166,922,522
Current Tax Assets	27,493,209	11,588,841
Insurance Receivables	-	-
Other Assets	3,825,256	3,212,673
Other Financial Assets	337,580	364,925
Cash and Cash Equivalent	36,674,536	34,489,542
Total Assets	**993,219,060**	**929,150,070**
Equity & Liabilities		
Equity		
Share Capital	525,000,000	525,000,000
Share Application Money Pending Allotment	-	-
Share Premium	-	-
Special Reserves	2,184,354	5,046,649
Catastrophe Reserves	218,435	504,665
Retained Earnings	1,366,153	2,790,051
Other Equity	28,313,976	13,514,593
Non-Controlling Interest	-	-
Total Equity	**557,082,919**	**546,855,957**
Liabilities		
Provisions	4,920,606	6,893,412
Gross Insurance Contract Liabilities	365,491,845	303,879,383
Deferred Tax Liabilities	-	-
Insurance Payable	32,779,681	33,320,712
Current Tax Liabilities	-	-
Borrowings	-	-
Other Liabilities	29,601,459	33,149,528
Other Financial Liabilities	3,342,550	5,051,078
Total Liabilities	**436,136,141**	**382,294,113**
Total Equity and Liabilities	**993,219,059**	**929,150,070**

CONDENSED STATEMENT OF PROFIT OR LOSS

For Period 16th July, 2026 - 16th July, 2027 (For the Year Ended Ashad 2084)

Fig. in NPR

Particulars	Unaudited Current Year	Audited Corresponding Previous Year
Income:	-	-
Gross Earned Premiums	58,426,970	267,814,507
Premiums Ceded	31,003,548	155,616,973
Net Earned Premiums	**27,423,421**	**112,197,534**
Commission Income	7,894,717	33,154,280
Other Direct Income	-	-
Income from Investments & Loans	12,558,960	48,709,356
Net Gain/ (Loss) on Fair Value Changes	-	-
Net Realised Gains/ (Losses)	-	-
Other Income	316,356	1,561,345
Total Income	**48,193,455**	**195,622,515**
Expenses:		
Gross Claims Paid	19,259,310	60,245,016
Claims Ceded	10,771,211	38,256,355
Gross Change in Contract Liabilities	23,181,935	74,020,229
Change in Contract Liabities Ceded to Reinsurers	12,080,781	37,994,061
Net Claims Incurred	**19,589,253**	**58,014,829**
Commission Expenses	480,433	2,192,053
Service Fees	235,575	740,032
Other Direct Expenes	-	-
Employee Benefits Expenses	17,893,301	69,440,872
Depreciation and Amortization Expenses	1,856,026	7,335,663
Impairment Losses	-	-
Other Operating Expenses	6,333,631	38,408,523
Finance Cost	200,174	1,045,135
Total Expenses	**46,588,392**	**177,177,107**
Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax	**1,605,062**	**18,445,408**
Share of Net Profit of Associates accounted using Equity Method	-	-
Profit Before Tax	**1,605,062**	**18,445,408**
Income Tax Expense	481,519	6,475,711
Net Profit/(Loss) For The Year	**1,123,544**	**11,969,698**
Earning Per Share		
Basic EPS	**0.21**	**2.28**
Diluted EPS	**0.21**	**2.28**

CONDENSED STATEMENT OF OTHER COMPREHENSIVE INCOME

Fig in NPR.

Particulars	Current Year		Corresponding Previous Year	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Net Profit/(Loss) For The Year	1,123,544	1,123,544	1,641,536	1,641,536
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**1,123,544**	1,123,544	1,641,536	1,641,536

OTHER DETAILS

Particulars	Current Year	Previous Year
	Upto this Quarter (YTD)	Upto this Quarter (YTD)
1. Total Issued Policy Count	24,514	24,241
2. Total Renewed Policy Count	3,289	2,187
3. Total Claims Paid Count	165	89
4. Outstanding Claims Count	128	258
5. Gross Outstanding Claims including IBNR & IBNER (Amount)	152,269,686	51,973,390
6. Net Outstanding Claims including IBNR & IBNER (Amount)	66,797,470	18,715,422
7. Margin Over Best Estimate (MOBE)	1,517,585	217,127
8. Unearned Premium Reserve (Amount)	215,844,033	54,148,234
9. Unexpired Risk Reserve (Amount)	131,093,724	-
10. Eartheqake Premium Reserve (Amount)	-	-
11. Long Term Investments (Amount)	467,500,000	467,500,000
12. Short Term Investments (Amount)	227,000,000	130,000,000
13. Direct Premium (Amount)	13,738,253	-
14. Investment in Cost (Amount)	11,000,000	1,000,000
15. Solvency Margin Ratios	2	2

1. The above figures are subject to change as per the direction of regulator and statutory auditor.
2. LAT valuation for the quarter end is not done and has been carried out as per the guideline issued by regulator
3. Details interim report can be viewed at company's website (www.starmicroinsure.com)

Disclosure as per Section 84(3) of Insurance Act, 2079

1. **Solvency Ratio related disclosure:**
   The solvency ratio of the company for FY 2081-82 end is 1.91 times.
2. **Reinsurance related disclosure:**
   The company has done reinsurance with local reinsurers as per the directive issued by a regulatory authority.
3. **Details regarding legal proceeding:**
   There are no legal proceedings against the company.
4. **Corporate Governance:**
   The company has complied with the corporate governance issued by the regulatory authority.
5. **Regulatory limit on expenses ratio:**
   All the expenses are within the limit.
6. **Any other disclosure as deemed relevant**